# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, पुस १५ गते २०४५ साल (अतिरिक्ताङ्क ५८ (क१)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट पाकिस्तानको इस्लामावादमा आयोजना हुन लागेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन, सार्कको चौथो शिखर सम्मेलनमा सवारी होइबक्सनु अघि वि. सं. २०४५ साल पुस १५ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी हाम्रा बडामहारानीका साथ मित्रराष्ट्र पाकिस्तानका महामहिम राष्ट्रपति श्री गुलाम इशाक खाँको निमन्त्रणामा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन, सार्कको सदस्यराष्ट्रहरूका राष्ट्राध्यक्ष तथा सरकारप्रमुखहरूको चौथो सम्मेलनमा भाग लिन पाकिस्तानको इस्लामावादतर्फ प्रस्थान गर्दछौं ।

२. अहिलेको विश्वको परिस्थिति हेर्दा अन्तर्राष्ट्रिय सम्बन्धहरू फेरि परिवर्तनको संघारमा पुगेको जस्तो अनुभव हुन थालेको छ । यस्तो अवस्थामा यसक्षेत्र लगायत संसारका सबै देशहरूका सामू नयाँ चुनौतीहरूका साथै नयाँ अवसरहरू पनि देखा परेका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छन् । यस स्थितिमा एउटा साझा लक्ष्य तथा सबैका लागि सुन्दर एवं सुरक्षित भविष्यको बाटोमा लम्कनका लागि दक्षिण एशियाका प्रत्येक राष्ट्रले आँट, परिकल्पना र उद्देश्य लिई काम गर्न सक्नु परेको छ । यस्तै समान आकाँक्षा र साझा भविष्यका लागि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनले शुरूदेखि नै एउटै परिवारसरह भई बाँची बसेका सबै देशहरूबीच आत्मविश्वास, भरोसा र सद्भावना बढाउने काममा सक्रिय रही आएको छ । एउटा नौलो साँधमा पुग्न थालेको यस बेलामा हाम्रो यो संगठनको आगामी शीर्षस्थ सम्मेलन पनि शान्ति तथा सहयोगको उद्देश्यप्राप्तिका लागि क्रमिक रूपले बढ्दै गई यसक्षेत्रका जनताको जीवनमा प्रत्यक्ष लाभ पुऱ्याउन सक्षम हुनेछ भन्ने हामीले आशा लिएका छौं ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ । आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा अमनचैन कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गरी नै रहनेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव

६३०



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।